सेवाग्राही संतुष्टि सर्वेक्षण प्रस्तीवेदन २०७८/०७९

सहजकर्ता	पेश गरिएको तह
आचार्य परामर्श सेवा प्रा.ली. कागेश्वरी मनोहरा ९ , काठमाण्डौ	मिर्चैया नगरपालीकाको कार्यालय, सिराहा

पृष्ठभुमी

मिर्चैया नगरपालिका पुर्वमा गोलवजार पश्चिममा कर्जन्हा दक्षिणमा कल्याणपुर नगरपालीका र नरहा गाउपालीका छ भने उत्तरमा चुरेडाडाका साथै १ नं प्रदेशको उदयपुर जिल्लाको कटारी नगरपालीका पर्दछ। भौगोलीक दृष्टिकोणमा यो नगरपालीका ३० डिग्री ४९उत्तरी अक्षांस र ८६ डिग्री १५ मी. पुर्वि देशान्तरमा फैलीएको छ । नगरको कुल क्षेत्रफल ९१.९७ वर्ग कि.मि.छ । यो नगरपालीका साविकको ८ वटा गा.वि.स. क्रमस : रामपुरविर्ता , मलहनिया खोरी रामनगर मिर्चैया ,फलवारीया ,,महेशपुर , सितापुर , र सिकन मिलेर वनेको हो यस नगरपालीकामा १२ वटा वडाहरु छन। यस नगरपालीकाको कुल जनसंख्या ५५०००० रहेको छ भने ११३४३ घरधुरी रहेका छन । यस नगरपालीकामा नेपाली , मैथली , भोवपुरी , उर्दु , नेवारी , मगर , सुनुवार ,राइ, ढाँगर ,राजस्थानी ,भोजपुरी ,थारु , हिन्दी जस्ता वोलीन्छ भने यादव ,चमार ,मुसहर, धोवि , मण्डल, दनुवार ,कापर , डोम कथवनिया , ढोली ,सन्यासी जस्ता जातजातीको वसोवास रहेको छ ।

नेपालको संविधान २०७२ को धारा ५१ (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ , सक्षम ,निश्पक्ष पारदर्शी , भ्रष्टाचारमुक्त , जनउत्तरदायी र सहभागीतामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरि सुशासनको प्रत्याभुती गर्ने प्रावधान रहेको छ। नागरिकप्रती उत्तरदायी सरकार विना जनजिवनमा सुधार आउन सक्दैन। भन्ने मान्यताका आधारमा विश्वमा सुशासन सम्बन्धी विभिन्न कार्यविधि तथा औजारहरु प्रचलनमा ल्याइदै परिमार्जन गरीदै आएका छन ।सुशासन ऐन २०६४ मा सार्वजनिक प्रशासनलाई जनमुखी , जवाफदेही , पारदर्शी समावेशी सहभागीतामुलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलव्ध गराउन , कानुनको शासन , भ्रष्टाचारमुक्त र चुस्त प्रशासन , विकेन्द्रीकरण , आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभुत मान्यतालाई आत्मसात गरि सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो , तथा कम खर्चीलो ढङ्गबाट पाउने अवस्था सृजना गरि आम नागरीकलाई सुशासनको प्रत्याभुती दिने व्यवस्था गरीएको छ। त्यसरीनै स्थानिय तहको सेवा प्रवाहलाई पारदर्शी , उत्तरदायी र जवाफदेही बनाउन निति ,योजना तथा कार्यक्रमको कार्यान्वायन प्रकृया , प्राप्त उपलब्धी र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मुल्यांकन गरी नीति , योजना सेवा प्रवाह प्रकृयामा सुधार गर्न ,सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उदेश्य प्राप्तिको सुनिश्चितता गर्न जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार वनाई सार्वजनिक जवाफदेहीता अभिवृदी गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को ७८ को उपदफा ५ ले व्यवस्था गरे बमोजिम सार्वजनिक सुनुवाइका साथै नागरीक प्रतिवेदन .(Citizen Report Card) बहिर्गमन अभिमत (Exit Poll) जस्ता औजारलाई पनि प्रयोग गर्न सकिने ब्यवस्था गरीएको छ साथै सेवा ग्राही संतुष्टि सर्वेक्षण लाई महत्व दिन थालिएको छ ।

परामर्शको कार्यको विधि

यस परामर्श कार्यमा परामर्शदाताले स्थानिय तहसंगको द्विपक्षिय सम्झौता पश्चात सन्तुष्टि असन्तुष्टि मापनका लागी मापदण्डका विषयमा द्विपक्षिय छलफल गरी प्रश्नहरुलाई आवश्यकता र महत्वका विषयमा निश्कर्ष निकाली । वडा कार्यालय र नगरपालीकाबाट संचालीतम योजनामा कार्यअनुभव भएका तथा नगरको विकासमा प्रत्यक्ष सहभागी भएका समुदायका सदश्यहरुलाई छनौट गरी सेवा लिइसकेका तथा सेवा लिदै गरेका समुदायलाई सेवाको सन्तुष्टि ,सेवाको नियमितता , सेवाप्रतीको जनविस्वास ,सेवाको गुणस्तर , सेवा सम्वन्धी वानकारी ,नागरीक वडापत्र ,उजुरी पेटीका गुनासो सम्वन्धी , सिफारिस सम्वन्धी , पुर्वाधार , पारदर्शिता सम्वन्धी विषगमामा सन्तुष्टि वा असन्तुष्टि के छ प्रश्न सोधिएको छ। समुदायको उत्तरलाई आधारमानी यो प्रतीदेदन तयार गरीएको छ।

उद्देश्य

- नगरीकलाई प्रत्यक्ष भेटी सन्तुष्टि वा असन्तुष्टि सर्वेक्षण गर्ने ।
- सेवाप्रतीको जनविस्वास
- नागरीक वडापत्र
- पारदर्शिता

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल
काठमाडौं
आचार्य परामर्श सेवा प्रा.ली.

उपलब्धी

- नगरीकको सन्तुष्टि असन्तुष्टि वारे थाहा भएको छ ।
- सेवाप्रतीको जनविस्वास जनतामा कस्तो छ भन्ने थाहा भएको छ ।
- नागरीक वडापत्रको वारेमा जनताले वढी चासो राखेका छन ।
- सेवाग्राही सर्वेक्षणले पारदर्शिता अझै वढेको छ ।

परामर्श कार्यमा जनशक्तिको प्रयोग

यस परामर्श कार्यमा सुशासन एवम पारदर्शिता र दिगो विकासको क्षेत्रमा लामो समयसम्म काम गरेका जनसक्ति प्रयोग गरीएको छ ।

राम्रा लागेका कुराहरु सुधार गर्नुपर्ने विषयहरु

१. कार्यालयमा छिटोछरितो काम हुन्छ

२.कर्मचारीको वोलीचाली राम्रो छ

३. छिटो विकास

४. कार्यालय समयभन्दापनी बढी समय कर्मचारीले काम गर्नु

५.स्वास्थ्यमा सूधार निशुल्क उपचार

सूधारगर्नु पर्ने विषयहरु

१. वडा स्तरमा कर्मचारीको कमी छ ।

३. भौतीक पुर्वाधारमा सुधार ।

५. विकासमा सवै टोल समेटी गर्नुपर्ने

६. शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ।

७. सिचाइ क्षेत्रमा विकास गर्नुपर्ने ।

८. कृषि क्षेत्रमा विकास गर्नुपर्ने ।

९. समयमा मलविउको ब्यवस्था गर्नुपर्ने ।

१०.कृषि वजार ब्यवस्थापन गर्नुपर्ने ।

११.गैर दलीत र दलीतका विचमा एकै उमेरमा सामाजिक सुरक्षा भता पाउनुपर्ने ।

१२ .केही वडाहरुमा समयमा कार्यलय संचालन नभएकोले समयमा कार्य संचालन गराउनुपर्ने ।

नागरीक संतुष्टि सर्वेक्षणको शिलशिलामा गरिएको अर्न्तक्रियामा प्राप्त तथ्यहरु :

१. उपलव्ध कर्मचारीहरु जनउत्तरदायि तथा जनप्रतिनिधि मैत्री र जनप्रतिनिधि कर्मचारी मैत्री पाइयो । वडास्तरीय नेतृत्व कर्मचारीको उत्प्रेरणा कायम राख्न प्रयत्नरत रहेको देखियो ।

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

२. स्थानीय प्रशासन सञ्चालन तथा व्यवस्थापन कार्यभारयुक्त देखिएको भएता पनि जनताको सेवा तथा प्रशासन सञ्चालन प्रकृयामा नगरपालिका तथा वडा प्रशासन सक्षम रहेको देखीयो ।

३ गाउँबासी तथा स्थानीय लाभग्राहीहरुको धारणा लिदा अधिकाँशले आफ्ना दैनन्दीन समस्या तथा प्रशाशनिक कार्यको लागि स्थानीय सरकारले जिम्वेवारी वहन गरेको र गुनासाको समसामयिक सुनुवाई गरीदिएको धारणा प्राप्त भएको छ ।

४. स्थानीय जनसमुदायले भौतिक निर्माण, कृषि र करमा आफ्नो केही असन्तुष्टि जारी गर्नुभयो । त्यस्तै रोजगार, बजार व्यवस्थापन र तालिमको व्यवस्था गर्न माग गर्नु भयो ।

५. स्रोतको सिमितताका वावजुद पनि लक्षित क्षेत्रमा विकास निर्माण तथा उत्तरदायि सेवा प्रदान गर्न वडा पालिका, नगरपालिका तथा सम्वन्धित प्रशासन तल्लिन रहेको महशुस भएको छ।

६, अधिकाँश नगरवासीहरुमा सडक निर्माण तथा भौतिक विकासमानै वढी चासो रहेको तथापी स्थानीय समुदायवाट दिनुपर्ने योगदानमा भने कमनै चासो देखियो ।

७, व्यापारी तथा स्थानीय समुदायले करको रकमलाई सो अनुसारको सुविधामा खर्च गरयिोस भन्ने अवधारणा प्रस्तुत गरेको पाईयो ।

६. कृषिमा आधारित अर्थ तथा रोजगार व्यवस्था रहेता पनि ठुलो भुभाग सिचाइको अभावका कारण वाँझोनै रहेको देखियो र कृषि भुमी क्रमश चक्लावन्दी भई प्रयोगहिन रहेको देखीयो ।

७, नगरपालिकावाट प्राप्तहुनुपर्ने आर्थिक स्रोत तथा वजेट नियमित एवँ समयमै निष्काशन भैरहेको र वडा एवँ नगरपालिकाको सहकार्य आशातितनै रहेको महशुशस गरिन्छ ।

८. विद्यालय शिक्षकहरुको नगरपालिका, सम्वन्धित कर्मचारी र जनप्रतिनिधि प्रति सकारात्मक सोच रहेको पाइयो ।

९. जेष्ठ नागरिकहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सहजनै रहेका प्रतिकृया सुन्न र देख्न पाईयो तर दलित र गैरदलीतमा समान हुनुपर्ने माग रहेको पाइयो ।

१०. व्यापारिक स्थानहरुमा बालश्रमिक पनि श्रमिकको रुपमा कार्य गरीरहेको देख्न पाइयो ।

११.भौतिक पूर्वाधारको दिगो सँरक्षण तथा विकासलाई जोगाउन स्थानीयले पनी चासो दिनुपर्ने आवश्यकता देखीयो ।

१३. स्थलगत अवलोकन गर्दा क्रमागत योजनाहरुमा पुराना उपलव्धिहरु नसिन सक्ने जोखिम रहेको देख्न सकिन्थ्यो भने वर्षात तथा वाह्य कारणले पनि उक्त उपलव्धिलाई शुरुकै अवस्थामा पुर्यादिन सक्ने जोखिम महशुस गर्न सकिन्थ्यो ।

१४. सूचनाको हक प्रदान गर्ने र सम्बन्धित सम्वाद गरिने कार्यक्रमक सार्वजनिक सुनुवाई प्रभावकारी वनाउन पहल गर्नुपर्ने आवश्यकतालाई महशुस गरीयो ।

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

१५. जनप्रतिनिधि तथा कर्मचारीहरु कार्यालयमा उपस्थित रहने र पहुचयोग्यनै छन भन्ने धारणा सेवाग्राहीवाट प्राप्त भयो ।

१६. सुशासनको पूर्ण रुपमा पालना तथा पारदर्शिता व्यवस्थापनमा उद्यतनै रहेको महशुस भएको छ।

१७. सबै संयन्त्रहरु अपाङ्ग मैत्री, बालमैत्री नभएता पनी आगामी दिनका नया विकास तथा निर्माण कार्यमा यस पक्षलाई ध्यान दिएको देख्न सकिन्थ्यो ।

१८. समग्र अध्ययनमा नगरपालिका र वडाहरुले प्रदान गर्ने सेवा प्रति नागरिकको सकारात्मक धारणा पाइयो।

सेवा ग्राही सन्तुष्टि सर्वेक्षण यस मिर्चैया नगरपालीकाको १२ वटै वडाका ६० जना समुदायमा गर्दा तपशिल अनुसारको परिणाम आएको छ।

१. सेवाको सन्तुष्टि

१.१ तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( ) **५१ जनाले सन्तुष्ट ९ जनाले ठिकै**

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( ) **४२ जनाले सन्तुष्ट १८ जनाले ठिकै**

२. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )) **१७ जनाले सन्तुष्ट ४३ जनाले ठिकै**

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( ) **४८ जनाले सन्तुष्ट १२ जनाले ठिकै**

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन ( ) एकदमै कम ( ) धेरैतिरेको ( ) **सबै ६० जनाले तिरेको छैन**

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेकोछ ?

१ दिन ( ) २ दिन ( ) धेरैदिन ( ) **३९ जनाले १ दिन १४ जनाले २ दिन ७ जनाले धेरैदिन तर डकूमेन्ट नमिलेर**

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( ) **४२ विश्वस्त १८ ठीक**

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै ( ) ठीकै ( ) गरेको छैन ( ) १०जनाले धेरै ४८ ठीकै २ गरेको छैन

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै( ) ठीकै ( ) विश्वास छैन ( ) ठीकै १० जनाले धेरै ५० जनाले ठीकै

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ ( ) छैन ( ) अलिअलि थाहा छ ( ) **५१ छ ७ अलिअलि थाहा छ २ छैन**

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? सन्तुष्ट ( ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( ) **५८सन्तुष्ट २ कम सन्तुष्ट**

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै ( ) गाउँका ठूलाबडाको ( ) मध्यस्थकर्ता ( ) **६० आफै**

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

१ पटक ( ) २ पटक ( ) सो भन्दा वढी ( ) **५३ १ पटक ४ २ पटक (कागज नमिलेर)**

५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) नराम्रो ( ) **५ अति राम्रो ५५ठीकै**

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ ( ) आंशिक जानकारी छ ( ) कुनै जानकारी छैन ( ) **२१ छ २४ आंशिक जानकारी छ ५ कुनै जानकारी छैन**

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ) ठीकै ( ) खासैराम्रोछैन ( ) **११ जनाले अति राम्रो ४९ जनाल ठीकै**

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? २० प्रतिशत जति ( ) ५० प्रतिशत भन्दा माथि ( ) थाहा छैन ( ) **६० नै जनाले ५० प्रतिशत भन्दा माथि**

६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन्? धैरै ( ) कम ( ) गरेको छैन ( )

३६ जनाले धैरै २४ जनाले कम

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? धैरै ( ) ठीकै ( ) अति कम ( )

३१ जनाले धैरै २९ ठिकै

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? धैरै भएको छ ( ) ठीकै भएको छ ( ) भएकै छैन ( )

२ जनाले ठीकै भएको छ ५८ भएकै छैन

प्रश्नावली भाग – २ नागरिक प्रतिवेदन पत्र

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ? पाएँ (५०) ठीकैपाएँ ( ) स्पष्ट पाइँन ( )

५१ जनाले पाएँ ९ जनाले ठीकैपाएँ

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ? दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि ( )

६० जनाले मागिएन र दिइएन पनि

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो?

आफैं ( ) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे ( ) नेता /ठूलाबडा ( ) **६० जनाले आफै**

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन्?

सबैसँग कर उठाउँछन ( ) सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( ) धैरै वक्यौता रहने गरेको छ ( ) **६० जनाले सबैसँग कर उठाउँछने**

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( ) ठीकै( ) खराब ( ) **६ जनाले राम्रो ५४ जनाले ठीकै**

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्वन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ ( ) पटक पटक भनेपछि मात्रै हुन्छ ( ) जति भनेपनि हुन्न ( )

६० जनाले तुरुन्तै हुन्छ

२.३ तपाईको विचारमा न.पा. ले पूर्वाधारसम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो संग ( ) ठीकै गर्छ ( ) नियमित रुपमा गर्दैन ( ) ७ जनाले नियमित र राम्रो संग ५३ जनाले ठीकै गछ

२.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो ( ) ठीकै( ) खराव ( ) **४जनाले राम्रो ५६जनाले ठीकै**

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन्?

प्रभावकारी छन्( ) ठीकै छन्( ) प्रभावकारी छैनन्( ) **१० जनाले प्रभावकारी छन् ५० जनाले ठीकै छन**

२.६ योजनाकोबिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज ( ) असहज ( ) ठीकै ( ) अप्ठ्यारो ( ) **६० जनाले सहज**

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? पर्दैन ( ) मागेरैलिन्छन्( ) रकम नदिए अप्ठ्यारो पार्छन्( ) **६० जनाले पर्दैन**

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ? सजिलै पाइयो ( ) कहिले काँही पाइयो(माग गर्दा पनि पाइएन ( )

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ ( ) सोधेपनि पाइदैन ( ) **६० सोधेपछि पाइन्छ**

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ ( ) ठीकै पालना भएको छ ( )कत्ति पनि पालना भएको छैन ( ) **३३ पालना भएको छ २७ ठीकै पालना भएको छ**

२.११ योजना सञ्चालन गर्दा न.पा वाट कत्तिकोसहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु( ) ठीकै सहयोग पाएको छु ( ) निरुत्साहित गरिन्छ ( ) **७ धेरै सहयोग पाएको छ ५३ठीकै सहयोग पाएको छु**

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल काठमाडौं
आचार्य परामर्श सेवा प्रा.लि.

३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध ( ) कम श्रोत उपलब्ध () अति कम श्रोत उपलब्ध **३८ आवश्यक श्रोत उपलब्ध २२ कम श्रोत उपलब्ध**

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल ( ) ठीकै ( ) जटिल ( ) **३ अति सरल ५७ ठीक**

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ () आवश्यकता भन्दा कम छ ( ) सीप निकै कम छ ( ) **६०आवश्यक सीप छ**

३.४ न.पा. कोआम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेकोदेखेकोछु ( ) कहिले काँही टाँसेको देखिन्छ ( ) खैकतै देखिएन ( ) **४३ टाँसेकोदेखेकोछु १७कहिले काँही टाँसेको देखिन्छ**

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ ( ) ठीकैमूल्यांकन हुने गरेको छ ( ) कहिले पनि भएको थाहा छैन ( ) **४४छ १४ ठीकैमूल्यांकन हुने गरेको छ**

३.६ वर्तमान्कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (३) ठीकै (४) कुनै जानकारी छैन ( ) **४१ सन्तुष्ट १९ ठीकै**

४. पारदर्शिता सम्वन्धी

४.१ पालिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा ( ) २ वटा ( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन ( ) **६० कार्यक्रम बारे कुनै जानकारी नै छैन**

४.२ पालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै ( ) कम ( ) भएकै छैन ( ) **६० भएकै छैन तर योजनामा हुने गरेको छ**

४.३ पालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ ( ) अहिलेसम्म सञ्चालन भएकै छैन( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन ( ) ६० भएको छ

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

धेरै( ) ठीकै( ) कम ( ) **६० कम**

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ (   )कुनै संयन्त्र बनेको छैन (   ) कुनै जानकारी नै छैनं (   ) ३१ संयन्त्र बनेको छ २९कुनै जानकारी नै छैनं

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (   ) ठीकै जानकारी पाएको छु (   ) कम जानकारी पाएको छु (   ) **५१ ठीकै जानकारी पाएको छ ९ कम जानकारी पाएको छु**

५. सामाजिक परिक्षण

५.१. तपाइको टोलमा संचालीत कार्यक्रमहरुका वारेमा तपाइलाई के कती जानकारी छ ?

सम्पुर्ण कार्यक्रमका वारेमा ( ) बजेटका बारेमा (   ) केहीपनी थाहा छैन (   ) कार्यक्रमको पुर्णता र आवश्यकता - **५४ सम्पुर्ण कार्यक्रमका वारेमा ६ केहीपनी थाहा छैन**

५.२ तपाइको टोलमा संचालीत कार्यक्रम पुरा भएको छ कि ?

पुरा भयो (   )आधामात्र पुरा भएको छ (   ) आंशिकमात्र पुरा भएको छ (   ) **४४ पुरा भयो १६ आधामात्र पुरा भएको छ**

५.३ कार्यक्रमवाट टोल नगरलाई के कति फाइदा भएको छ ?

अलिकति (   )यथेष्ट (   ) अति धेरै (   ) केही पनि फाइदा छैन (   ) **१५ अलिकति ४१ यथेष्ट ४ अति धेरै**

५.४ कार्यक्रम कति आवश्यक थियो ?

अति आवश्यक (   ) भएपनी हुने नभएपनी हुने (   ) आवश्यक थिएन (   ) **६० अति आवश्यक**

५.५ कार्यक्रम कसरी संचालित थियो ?

उपभोक्ता समितिबाट ( )ठेक्कावाट (   )अमानतबाट ( ) नगरपालिका स्वयंवाट **४५उपभोक्ता समितिबाट ३९ ठेक्कावाट**

५.६ उपभोक्ता समिति गठन भएको भएमा त्यसको स्वरुप कस्तो थियो ?

पुर्ण समावेशी (   ) आंशिक रुपमा समावेशी (   ) एकतर्फी (   ) थाहा छैन (   ) **६० पुर्ण समावेशी**

५.७ कार्यक्रम कसरी छनौट भएको थियो ?

टोलबाट छलफल गरेर (   ) टोलका प्रतिनिधिहरुबाट मात्र(   ) नगरपालिका स्वयंबाट ( ) थाहा छैन (   ) **६०टोलबाट छलफल गरेर**

५.८ कार्यक्रम संचालन कुन रुपमा भएको थियो ?

पुर्ण सहभागिता मुलक (   ) सामान्य सहभागिमुलक (   ) जनसहभागिता विनानै (   ) थाहा छैन **५८पुर्ण सहभागिता मुलक २ थाहा छैन**

५.९ कार्यक्रम संचालनमा उपभोक्ताको चासो कस्तो रहयो ?

धेरै उत्साहित भएर ( ) उत्साह रहेन (   ) सामान्य (   ) थाहा छैन (   ) **६० धेरै उत्साहित भएर**

५.१० यस कार्यक्रम सम्पन्न गर्न उपभोक्ता समिति तथा न.पा. प्रतिनिधि कतिको उत्तरदायि रहे ?

धेरै उत्तरदायि (   ) गैर उत्तरदायि (   ) सामान्य (   ) **६० धेरै उत्तरदायि**

५.११ यस कार्यक्रम सम्पन्न गर्न उपभोक्ता समिति जिम्मेवारी क-कसको बढी देखीयो ?

न.पा.को( ) स्थानिय उपभोक्ताहरुको (   ) उपभोक्ता समितिको(   ) थाहा छैन (   ) **४५ न.पा.को ३६ स्थानिय उपभोक्ताहरुको**

५.१२ कार्यक्रमहरुमा वजेट खर्च गर्ने तरिका कस्तो लाग्यो ?

उपयुक्त (   ) अनउपयुक्तु(   ) ठिकै (   ) थाहा छैन (   ) **६० उपयुक्त**

५.१३ न.पा.को भौतिक पुर्वाधार सामाजिक विकास कार्यक्रमहरुको जानकारी कस्तो छ ?

जानकारी छ (   ) आंशीक जानकारी छ (   ) थाहा छैन (   ) **३५जानकारी छ ११ आंशीक जानकारी छ १४ थाहा छैन**

५.१३ भ्रष्टाचार न्युनिकरणमा प्रशासकीय अधिकृतको भुमीका कस्तो रहयो ?   राम्रो ( ) ठिकै ( ) नराम्रो **६०राम्रो**

५.१४ गुणस्तरीय शिक्षामा विकास कस्तो छ ?

राम्रो ( ) ठिकै ( ) नराम्रो **४३राम्रो १७ ठिकै**

५.१५ शिक्षा क्षेत्रमा सुधार कस्तो रहयो ?

राम्रो ( ) ठिकै ( ) सन्तुष्ट ( ) ५८ राम्रो २ ठिकै

५.१६ स्वास्थ्य सेवा प्रवाहमा सुधार कस्तो रहयो ?

राम्रो ( )अति राम्रो ( ) सन्तोष जनक ( )सुधार योग्य (   ) **४७ राम्रो १३ सुधार योग्य**

५.१७ विरामीको उपचार तत्काले हून्छ ?

तत्काले हुन्छ ( ) प्रविधी छैन (   ) आलटाल गरीन्छ ( ) **६० तत्काले हुन्छ**

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.लि.

५.१८ मलखाद तथा विउको आपुर्ति कस्तो छ ?
सजिलो छ ( ) समयमा पाइदैन ( ) अप्ठेरो छ ( ) **६० समयमा पाइदैन**

५.१९ सिचाइ क्षेत्रमा विकास कस्तो छ ?

राम्रो ( ) ठिकै ( ) सन्तुष्ट ( ) **६० ठिकै**

५।२० पशु चिकित्सा भेटनरीक सुविधा कस्तो छ ?

तत्काले हुन्छ ( ) प्रविधी छैन ( ) आलटाल गरीन्छ ( ) **४९ तत्काले हुन्छ ११ प्रविधी छैन**

Acharya Paramarsha Sewa P. Ltd. नेपाल काठमाडौं आचार्य परामर्श सेवा प्रा.ली.

कार्यक्रमका स्थलगत सर्वेक्षणका केही दृश्यहरु

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल
काठमाडौं
आचार्य परामर्श सेवा प्रा.लि.

कार्यक्रमका स्थलगत सर्वेक्षणका केही दृश्यहरु

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल काठमाडौं
आचार्य परामर्श सेवा प्रा.लि.

कार्यक्रमका स्थलगत सर्वेक्षणका केही दृश्यहरु

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल
काठमाडौं
आचार्य परामर्श सेवा प्रा.लि.

कार्यक्रमका स्थलगत सर्वेक्षणका केही दृश्यहरु

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल
काठमाडौं
आचार्य परामर्श सेवा प्रा.ली.

कार्यक्रमका स्थलगत सर्वेक्षणका केही दृश्यहरु

Acharya Paramarsha Sewa P. Ltd.
नेपाल
काठमाडौं
आचार्य परामर्श सेवा प्रा.लि.